सर्वोच्च अदालत, संयुक्त इजलाश
माननीय न्यायाधीश श्री गिरीश चन्द्र लाल
माननीय न्यायाधीश श्री तर्कराज भट्ट

आदेश

2069-WO-0998

विषय : अन्तरिम आदेश सम्बन्धमा ।

अधिवक्ता ओमप्रकाश अर्याल..........................................................१ निवेदक

विरूद्ध

राष्ट्रपतिको कार्यालय, शीतल निवास, काठमाडौ समेत ..............................१ विपक्षी

मुद्दा : उत्प्रेषण समेत ।

यसमा निवेदक अधिवक्ता श्री ओमप्रकाश अर्याल र निवेदक तर्फवाट उपस्थित वरिष्ठ अधिवक्ताहरु श्री श्रीहरि अर्याल, श्री शम्भु थापा एवं सर्वज्ञरत्न तुलाधर अधिवक्ताहरु श्री गोविन्द वन्दी, श्री टिकाराम भट्टराई, श्री विजयकान्त मैनाली, श्री रमेश वडाल, श्री विजय मिश्र, श्री राजुप्रसाद चापागाई, श्री चन्द्रकान्त ज्ञवाली, श्री प्रकाश के.सी.,श्री वावुराम दाहाल, श्री पदम रोका, श्री श्रीप्रसाद पण्डित, श्री रमेश पौडेल, श्री शिवहरी तिमल्सिना, श्री दिनेश त्रिपाठी, श्री निसा बाँनिया, श्री शान्तिदेवी खनाल, श्री मेघराज पोखरेल, श्री कमलेस द्विवेदी श्री यदुनाथ खनाल, श्री लक्ष्मीप्रसाद मैनाली तथा विपक्षी राष्ट्रपतिको कार्यालय, शीतल निवास काठमाडौं समेतको तर्फवाट उपस्थित महान्यायाधिवक्ता श्री द्रोणराज रेग्मी, नायव-महान्यायाधिवक्ता श्री पुष्पराज कोइराला, सह-न्यायाधिवक्ताद्वय श्री किरण पौडेल र श्री धर्मराज पौडेल र विपक्षी पुष्पकमल दाहाल र विपक्षी लोकमान कार्की समेतको तर्फवाट उपस्थित अधिवक्ता श्री राम नारायण विडारी, विपक्षी मध्येको लोकमान सिंह कार्कीको तर्फवाट वरिष्ठ अधिवक्ताहरु श्री सुशील कुमार पन्त, श्री तुलसी भट्ट, श्री प्रकाश राउत, श्री बद्रीवहादुर कार्की, श्री कृष्णप्रसाद सापकोटा र श्री मिथिलेश कुमार सिंह तथा अधिवक्ताहरु श्री नरेन्द्र गौतम, श्री केशव भट्टराई र श्री हरि फुयाल समेतले गर्नु भएको वहस समेत सुनियो ।

उच्चस्तरीय रायमाझी आयोगको प्रतिवेदनले दोषी ठहर गरेका २०६२।०६३ को जनआन्दोलनका दमनकर्ता अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा राष्ट्रिय मानव अधिकार आयोगले संविधान र कानून बमोजिम कारवाहीका लागि सिफारिस वा निर्देश गरेका नेपाल सरकारका पूर्व मुख्य सचिव श्री लोकमानसिंह कार्कीलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको

प्रमुख आयुक्तको पदमा नियुक्तिको लागि उच्चस्तरीय राजनीतिक समितिले सम्माननीय राष्ट्रपतिज्यू समक्ष सिफारिस गर्न सक्ने प्रवल संभावना भएको र उक्त कार्य नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११९(५) को खण्ड (ङ) समेतको विपरीत भएको हुँदा निजलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्त वनाउने प्रस्ताव, राय परामर्श सहमति र सिफारिस हाललाई कार्यन्वयन नगर्नु, नगराउनु, निजको नियुक्ति सम्वन्धी काम कारवाही जुन अवस्थमा छ सोही अवस्थामा नै रोक्नु भनी विपक्षीहरुको नाउँमा अन्तरिम आदेश समेत जारी गरी पाउँ भन्ने समेतको निवेदन माँग दावी रहेको पाइन्छ ।

सो सम्वन्धमा विचार गर्दा, राष्ट्रपतिवाट संवैधानिक परिषदको सिफारिसमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्त र अन्य आयुक्तहरुको नियुक्ति हुनेछ भनी नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११९(२) मा व्यवस्था भई सोही धारा ११९ को उपधारा ५ मा र संवैधानिक परिषद (काम कर्तव्य अधिकार र कार्यविधि) सम्वन्धी ऐन, २०६६ को दफा ५ मा प्रमुख आयुक्त एवं आयुक्तहरुको योग्यता र चाहिने अनुभव सम्वन्धी व्यवस्था भएको पाइन्छ । त्यस अनुसार सो पदमा उच्च नैतिक चरित्र कायम भएको र कुनै व्यक्तिलाई नियुक्तिको लागि सिफारिस गर्दा निजको सामाजिक प्रतिष्ठा, उच्च नैतिक चरित्र, इमान्दारीता, निजप्रतिको जनभावना तथा निजले पहिले गरेको सेवा र पेशागत अनुभव समेतलाई विचार गर्नु पर्ने भनी स्पष्ट व्यवस्था भइरहेको देखिन्छ । सो व्यवस्थाहरुको पालना भई त्यस प्रकारको नियुक्ति हुनुपर्ने भन्ने कुरालाई मध्यनजर राखी संवैधानिक परिषदवाट सिफारिस हुनुपर्ने कुरामा विवाद नभए पनि सम्वन्धित सो व्यवस्थाहरुको प्रतिकूल कार्य भएको अवस्था भएको भनी निवेदन दावी एवं सम्वद्ध साधिकार संवैधानिक परिषद एवं राष्ट्रपतिको कार्यालयको तर्फवाट परेका लिखित जवाफहरुवाट हालसम्मको अवस्था अनुसार देखिन आएन । यस्तो अपरिपक्व अवस्थामा कुनै खास व्यक्तिको योग्यता र अयोग्यता सम्वन्धमा विचार प्रगट गर्न वा संवैधानिक परिषदलाई संविधान प्रदत्त जिम्मेवारी एवं निर्धारित कर्तव्यमा यस अदालतवाट हस्तक्षेप गर्न उपयुक्त नहुनाले निवेदन माँग वमोजिम तत्काल अन्तरिम आदेश जारी गरी रहन नपरी यस अदालतवाट मिति २०६९।१२।१६ मा भएको अन्तरिम आदेशको निरन्तरता दिई रहनु परेन । नियमवमोजिम गर्नू ।

न्यायाधीश न्यायाधीश

इति सम्वत् २०७० साल वैशाख महिना १६ गते रोज २ शुभम्------------------।